# ठोरी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
घुर्मिडाँडा, पर्सा
२ नं. प्रदेश, नेपाल

पत्र संख्याः- ०७६/७७
च.नं.

मितिः-२०७७/०६/०४

## सूचना !

बिषयः- काठ बिक्री वितरण सम्बन्धमा।

उपरोक्त सम्बन्धमा पर्सा राष्ट्रिय निकुञ्जको मिति २०७७/०६/०१ च.नं. १११ को पत्र यसै सूचनामा संलग्न छ। विस्तृत विवरण पत्रबाट अवगत गरि इच्छुक व्यक्तिहरुले पत्रमा उल्लेखित कागजात सहित मिति २०७७ असोज ३० गते भित्र पर्सा राष्ट्रिय निकुञ्जमा निवेदन पठाईदिनु हुन सम्बन्धित सबैका लागि सुचित गरिन्छ।

..........................................
कृष्णा लाल श्रेष्ठ
(प्रमुख प्रशासकीय अधिकृत)

Scanned with CamScanner

☎ ०५३-५२२०५१, ५२२०८६

नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय
राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग
# पर्सा राष्ट्रिय निकुञ्ज कार्यालय

पत्र संख्या :- ०७६/०७८
चलानी नं. :- ११९

मिति :- २०७७।६।१

बिषय :- काठ बिक्री बितरण सम्बन्धमा ।

श्री पर्सा जिल्लाका सबै स्थानिय तहरु
(बिरगञ्ज महानगरपालिका/पोखरिया नगरपालिका/पर्सागढी नगरपालिका/बहुदरमाई नगरपालिका/छिपहरमाई गाउँपालिका/जगरनाथपुर गाँउपालिका/धोबीनी गाँउपालिका/पकाहा मैनपुर गाँउपालिका/पटेर्वा सुगौली गाँउपालिका/बिन्दाबासिनी गाँउपालिका/सखुवा प्रसौनी गाँउपालिका/ठोरी गाँउपालिका/कालिकामाई गाँउपालिका/जिराभवानी गाँउपालिका)

उपरोक्त सम्बन्धमा नेपाल सरकार (मं.प.) को मिति २०७५।१०।३ को निर्णय अनुसार रक्सौल-अमलेखगंज पेट्रोलियम पाइपलाइन बिस्तारको लागि पर्सा राष्ट्रिय निकुञ्जको वनक्षेत्रबाट उत्पादन भएका गोलिया काठ मध्ये (चिरान वा गोलिया) २० प्रतिशत स्थानिय तह (पर्सा निकुञ्ज रहेको बारा र पर्सा अन्तरर्गतका) र भुकम्प पिडित वाहेकका अतिआवश्यक परेको अन्य जिल्लाका लागि बिक्री बितरण गर्नु पर्ने ब्यवस्था भए अनुसार नेपाल वन निगम लिमिटेडको प्रचलित तपसिल अनुसारको बिक्री मूल्यबाट खरिद गर्ने उपरोक्त अनुसारका इच्छुकहरुले नागरिकता प्रमाण पत्रको प्रतिलिपी, घर निर्माण गर्ने जग्गाको लालपुर्जाको प्रतिलिपी, स्वीकृत नक्साको प्रतिलिपी, गाँउपालिका/नगरपालिका/उपमहानगरपालिका/महानगरपालिकाबाट घर निर्माण गर्न दिइएको इजाजत पत्रको प्रतिलिपी र सम्पर्क नं. सहितको निवेदन मिति २०७७ असोज ३० गते भित्र यस कार्यालयमा आइपुग्ने गरी पठाइ दिनु हुन अनुरोध छ ।

तपसिल

गोलिया काठको बिक्री मूल्य :-

| सि.नं. | जात | ग्रेड | बिक्री मूल्य (प्रति क्यू.फिट) मु.अ.कर वाहेक |
|---|---|---|---|
| १ | साल | A | १,६७१।- |
| | | B | १,३०६।- |
| | | C | ९८१।- |
| २ | सतिसाल | | २,३०६।- |
| ३ | असना, कर्मा, जामुन, टुनी, शिरिष, गम्हारी | A | ६३०।- |
| | | B | ५३३।- |
| ४ | भुडकुल, मसला, आंप | | २६६।- |
| ५ | बांझी र अन्य जात | | २५२।- |

Scanned with CamScanner

नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय
राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग
पर्सा राष्ट्रिय निकुञ्ज कार्यालय
आधाभार, बारा
☎ ०५३-५२२०५१, ५२२०८६

पत्र संख्या :- ०७६/०७७
चलानी नं. :- ११९

साल चिरान काठ प्रति क्यू.फिट (मु.अ.कर वाहेक) को बिक्री मूल्य :-

| क्षेत्र | वर्ग १ (स्ट्रीप) | वर्ग २ | वर्ग ३ | वर्ग ४ | कैफियत |
|---|---|---|---|---|---|
| तराई तथा भित्री मधेशका जिल्लाहरु | चौडाई १½" र मोटाइ ३" देखि ४" सम्म | स्ट्रीप वाहेक लम्बाई २½ देखि ४ फिट सम्म | स्ट्रीप वाहेक लम्बाई ४ देखि १० फिट सम्म | स्ट्रीप वाहेक लम्बाई १० फिट भन्दा माथी | माग अनुसार विशेष साइजको काठ चिरान गर्नुपर्दा सबै बर्गिकरणको उल्लेखित मूल्यमा १५ प्रतिशत थप हुनेछ। |
| | २,१९५।- | २,५७०।- | ३,३६५।- | वर्ग ३ भन्दा २० प्रतिशत बढी | |

नरम जातका चिरान काठ प्रति क्यू.फिट (मु.अ.कर वाहेक) को बिक्री मूल्य :-

| क्षेत्र | काठको प्रजाती | बिक्री मूल्य प्रति क्यू.फिट (मु.अ.कर वाहेक) | |
|---|---|---|---|
| | | वर्ग १ (स्ट्रीप) | वर्ग २ (फन्टा र कडी |
| | | चौडाई १½" र मोटाइ ३" देखि ४" सम्म | स्ट्रीप वाहेक लम्बाई २½ देखि १० फिट सम्म |
| तराई तथा भित्री मधेशका जिल्लाहरु | असना | १,५५०।- | १,८००।- |
| | जामुन | १,३९५।- | १,६२०।- |
| | कर्मा | १,२६५।- | १,४७०।- |

२०७७।१।१

अमिर महर्जन
प्रमुख संरक्षण अधिकृत

प्रमुख संरक्षण अधिकृत

बोधार्थ :-
श्री राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग
बबरमहल, काठमाडौं :- जानकारीको लागि अनुरोध छ।

श्री नेपाल वन निगम लिमिटेड शाखा कार्यालय
पथलैया, बारा :- उपरोक्त अनुसारको बिक्री वितरणको व्यवस्था गर्नु हुन।

Scanned with CamScanner